# संघर्ष र निरन्तरताकी प्रतीक
# नानीमैंया नकर्मी



जन्म : १९८४ मंसिर

# संघर्ष र निरन्तरताकी प्रतीक : नानीमैंया नकर्मी



\- ममता गिरी

नेपालको कम्युनिस्ट आन्दोलनकी एक साहसिक योद्धा नानीमैयाको जन्म वि.सं.१९८४ साल मंसिर पूर्णिमाको दिन काठमाडौंको डुगमवहीमा भएको थियो । आमा पूर्णमाया महर्जन र पिता तुलसीनारायण महर्जनको कोखबाट उहाँको जन्म भएको थियो । बाजे वेखनारायण र बज्यै हकमाया महर्जनको अरुलाई सेवा गर्ने भावनाबाट उहाँ सानैदेखि प्रभावित हुनुहुन्थ्यो । उहाँका बाजे र बज्यै बुद्धमार्गी भएकाले नानीमैयाँ १०/११ वर्षको उमेरदेखि भिक्षुहरूको सङ्गतमा हुर्कनुभएको थियो । अरुले गरेको सेवा भावको कामप्रति उहाँ अत्यन्तै रुचि राख्नुहुन्थ्यो । कठीन समय र परिस्थितिका बाबजूद उहाँ शुक्रराज शास्त्री, दशरथ चन्द, गङ्गालालजस्ता योद्धाहरूलाई फाँसी दिएको हेर्न बडो हिम्मतकासाथ जानुभएको थियो । जनता र समाजको सेवामा उत्रिएका ती बहादुर मानिसहरूलाई किन फाँसी दिन लागेको भनी उहाँको मनमा खुल्दुली उत्पन्न भएकोले उहाँ त्यो दृश्य हेर्न जानुभएको थियो । यसरी निरपराध व्यक्तिहरुलाई फाँसीदिएको दृश्यले नैं उहाँमा विद्रोहको भावना जागृत भएको थियो ।

२००३ सालदेखि नेपाली राष्ट्रिय काङ्ग्रेसको सदस्य रहँदै आउनुभएका श्री न्हुछेबहादुर नकर्मीसँग उहाँको २००४ सालमा विवाह भएको थियो । अन्तर जातीय विवाह भएका कारण उहाँले सामाजिकरूपमा धेरै कठिनाइको सामना गर्नुपऱ्यो । अर्थात् समाजमा टिक्नै नसक्ने अवस्था आएपछि उहाँहरू भागेर भारत जानुभयो । केही समय त्यहाँ बसेर पुनः नेपाल फर्कनुभयो । अनि अनेकौं बाधा, कठिनाइहरु झेल्दै भक्तपुरमा बस्न थाल्नुभयो । त्यतिखेर उहाँको चेतना माथि उठिसकेको थियो । त्यसैले थप ऊर्जा र सशक्तताका साथ पुनः राजनीतिमै लाग्नुभयो र आफ्नो घर व्यवहार सम्हाल्दै अगाडि बढ्नुभयो । उहाँले मनमोहन अधिकारी, भरतमोहन अधिकारी र डा.केशरजंग रायमाझी, मोहनचन्द्र अधिकारी, चुडाप्रसाद हमाल, मदन प्रधानजस्ता थुप्रै नेताहरूलाई सेल्टर दिने, पार्टीका नेताहरूलाई हरेक प्रकारले सहयोग पुऱ्याउनु कम चुनौतीपूर्ण थिएन । उहाँले त्यो काम जिम्मेवारीका साथ पूरा गर्नुभयो  उहाँले राजनीतिक जीवनको सुरुवात २००५ सालमा प्रारम्भ गर्नुभएको थियो । उहाँ भन्नुहुन्छ- 'मलाई पहिले

गर्न मानेन । कैयौं यातना सहँदा पनि उहाँले पार्टीको गोपनियता खोल्नुभएन । 'तुलसीलाल कहाँ छन् ?' भन् भन्दै उहाँलाई कठोर यातना दिइएको थियो । तर ९ महिनापछि मोहन शम्शेर नेहरूलाई भेट्न भारत जानेवेला राजबन्दी छोड्नुपर्ने बाध्यता भएकाले उहाँलाई छाडियो । उहाँलाई स्पष्टीकरणको लागि दरबारमा बोलाहट भयो । त्यहाँ जाँदा उहाँ कुर्सीमा बस्नुभयो । राणाका सुसारे, बैठकेहरुले कुर्सीमा बस्नु हुन्छ ?' भनेर भन्दा उहाँले भन्नुभयो- 'हामी मान्छे होइन र ? किन बस्न नहुने ? त्यहाँ पनि तुलसीलाल खोई ! भनेर सोधियो । उहाँले थाहा छैन भनेपछि यसलाई ठोक्नु पर्नेभयो, । निकै मात्तिएकी रहिछ भनियो । उहाँले 'ठोक्छौ भने ठोक' भन्नुभयो । बन्दुक तेर्स्याएर सानो कोठामा लगियो । तर केही गरिएन । अनि पुन: जेलमा लगियो । उहाँलाई केही समय गोलघरमा राखी नेल पनि ठोकियो । यसरी जेलमा बस्दा उहाँले अत्यन्त कष्टकर क्षणहरू गुजार्नुभयो । उहाँ भन्नुहुन्छ- 'ती दिनहरू र यातना सम्झिँदा म अचम्मित हुन्छु । कसरी सहेंहुँला ती कठोर क्षणहरू भन्ने लाग्छ ।

नानीमैयाले आफ्नो घरको खर्चका लागि मिल चलाउनुहुन्थ्यो । एक दिन मिलको लोटा उछिट्टिएर छातीमा लाग्यो बज्रियो र घाउ लाग्यो । त्यसको उपचार गर्न पैसा उहाँसँग थिएन । भक्तपुरका एक डाक्टरले नि:शुल्क औषधि गरिदिएपछि उहाँको घाउ निको भयो । उहाँले राजनीति गरेको जेठाजुलाई मन पराउनुहुन्थेन । ती दिन सम्झदै उहाँ भन्नुहुन्छ- म ढाटी लुकी पार्टी काममा हिँड्थे । सूर्यविनायकको खोलामा लुकेर हामी मिटिङ बस्थ्यौं । आफन्त र पुलिसले नचिनुन् भनेर म पाइन्ट लगाएर मिटिङमा जान्थें । राणाहरुको अत्याचारले उहाँलाई यति आक्रोशित बनाएको थियो कि 'बरु मारे मारोस्' भन्दै हिँड्नुहुन्थ्यो । पछि भाषण गर्दागर्दै तुलसीलाल, उमादेवी, जगदीश्वरीलाई पालैपालो गिरफ्तार गरेर लगिएको थियो ।

नानीमैया भन्नुहुन्छ- 'कमरेड तुलसीलालले हामीलाई आन्दोलन सञ्चालन, पर्चा वितरण झण्डा बनाउने जस्ता कामको प्रशिक्षण र निर्देशन दिनुहुन्थ्यो । 'हामी १३ जना जति थियौं । हाम्रो त्यतिखेरको नारा थियो, राणाशाही- मुर्दावाद ! इन्कलाब- जिन्दावाद !' सुरक्षाका कारण आन्दोलनकारीलाई तीन समूहमा विभाजन गरिएको थियो । केसरी र साथीहरू पहिलो समूह र उमादेवी, जगदीश्वरी र साथीहरू दोस्रो समूह नानीमैयाले तेस्रो

समूहको नेतृत्व गर्नुभएको थियो । उहाँहरूले भक्तपुरमा तीव्र रूपमा आन्दोलन चलाउनुभयो । वि.सं. ०३९ सालमा नानीमैयाँ तुलसीलाललाई भेट्न भारत जानुभयो । तीन दिनसम्म उहाँहरुसँगै बसेर आन्दोलनका बारे छलफल गर्नुभयो । साथै काठमाडौंमा आई नेतृत्व दिनुपर्‍यो भनी उहाँले तुलसीलाल कमरेडलाई आग्रह गर्नुभयो । अन्ततः तुलसीलाल तीन विद्यार्थीसहित नेपाल फर्कनुभयो । भेष बदलेर तुल्सीलाललाई स्वदेश फर्काउन उहाँको महत्वपूर्ण भूमिका थियो । त्यस समय तुलसीलाललाई पाटनमा लुकाएर राख्ने र विभिन्न मानिसहरूसँग सम्पर्क गराउने काममा नानीमैयाँले विशेष सहयोग पुऱ्याउनुभयो । उहाँसँग भारत जानेहरूमा तीर्थकुमार दुवाल, मचाभाइ महर्जन र दानबहादुर महर्जन हुनुहुन्थ्यो ।

तुलसीलाल अमात्यलाई उहाँ आफ्नो राजनीतिक गुरुका रूपमा मान्नुहुन्छ । 'म जस्तो राजनीतिकरूपमा अशिक्षित साधारण युवतीलाई शिक्षित तुल्याई चेतनाको दियो बाल्ने काम कमरेड तुलसीलालले नैं गर्नुभयो । उहाँ अत्यन्त आदरणीय व्यक्तित्व हुनुहुन्छ । नानीमैयाले संझिदै भन्नुभयो, पार्टीले दिएको जिम्मेवारीलाई जसरी पनि पूरा गर्ने नेताहरूलाई भूमिगतरूपमा लुकाउने, गन्तव्यसम्म पुऱ्याउने, समस्याहरू आदानप्रदान गर्ने र जेलमा थुनिनुभएका कमरेडहरूलाई हरेक प्रकारले सहयोग गर्नेजस्ता काम उहाँले गर्नुभएको थियो । उहाँले पुलिस प्रशासनका आँखा छल्दै ०१८/१९ सालतिर कमरेड पुष्पलाललाई पनि घरमा लुकाएर राख्नुभयो । पछि पुष्पलालकी दिदीकहाँ पुऱ्याउने कार्य उहाँले गर्नुभएको थियो । मनमोहन अधिकारी, भरतमोहन अधिकारीलगायतका नेताहरूलाई ०१७ को शाहीकाण्डपछि मनमोहन अधिकारी, भरतमोहन अधिकारी लगायत नेताहरुलाई हेरविचार गर्ने काममा उहाँ आफै लाग्नुभयो ।

श्रीमान्‌को नै नेपाल कम्युनिस्ट पार्टीसँग वि.सं. २००६ सालदेखि संलग्नता रहेकाले उहाँको पनि पार्टीसंग सम्वन्ध भएको थियो । तथापि उहाँले विधिवत रूपमा नेकपाको सदस्यता डा. केशरजङ्ग रायमाझीसँग ०२५ सालमा लिनुभयो । यसैगरी पुण्यप्रभादेवीले महिला संघ बनाउँदा नानीमैया त्यसको सदस्य र हनुभएको थियो । तर त्यस सम्वन्धलाई उहाँले निरन्तरा दिन सक्नुभएन । पछि (रायमाझी) समूहबाट विष्णुबहादुर मानन्धरको समूह अलग बनेपछि उहाँ त्यसमै रहनुभयो । उहाँलाई पञ्चायती गाउँ फर्क अभियानले कुनै पदमा मनोनित गर्न खोजेको थियो । तर त्यस प्रस्तावलाई उहाँले अस्वीकार गरि दिनुभयो । किनभने उहाँले आफूलाई सर्वहारा-श्रमजीवी वर्गको मुक्तिका निम्ति

समर्पित गरिसक्नुभएको थियो । प्रतिक्रियावादीका कुनै प्रलोभनमा फस्नु उहाँका निम्ति स्वीकार्य थिएन । कमरेड तुलसीलालले देश र जनताका निम्ति लड्न जुन शिक्षा दिनुभयो म उहाँप्रति सदैव आभारी छु उहाँ कृतज्ञताकासाथ भन्नुहुन्छ ।

उहाँले पार्टीको काठमाडौं जिल्ला कमिटीमा बसेर काम गर्नुभयो । नेकपा (एमाले) काठमाडौंको सल्लाहकार कमिटीमा पनि रहनुभयो । ८३ वर्ष पुगे पनि उहाँको उत्साह र जाँगरमा कुनै कमी आएको छैन । पार्टीका अधिकांश कार्यक्रममा उहाँ सकेसम्म उपस्थित हुनुहुन्छ । संविधानसभाको निर्वाचन ०६४ मा पनि उहाँ सक्रियतापूर्वक खट्नुभयो । 'नेताहरूले दृढतापूर्वक, इमान्दारीकासाथ देश हाँक्नुहोस्, बाँकी उमेर र समयभरि मैले उहाँहरूलाई साथ दिनेछु । आफ्नो विगत स्मरण गर्दै उहाँ भन्नुहुन्छ- मैले जनता र पार्टीका निम्ति जुन सङ्घर्ष गरें, त्यो यात्रा अझै पूरा भएको छैन, देशमा गणतन्त्र आयो त्यसमा निकै खुशी लागेको छ । तर जनताको हातमा पूर्ण अधिकार प्राप्त हुन अझै बाँकी छ। त्यो दिन पूरा हुन प्राप्त उपलव्धीहरु संस्थागत हुनुपर्छ । यसरी आज पनि उहाँको भावना र विचार बुलन्द रहेको छ ।

यसरी नेपालको लोकतान्त्रिक आन्दोलनकी एक अथक योद्धा हुनुहुन्छ नानीमैया । आज हामीले कामका दौरान कति कठिनाइहरूको सामना गर्नुपर्दछ । तर राणा शासनको क्रूर दमन र अत्याचारलाई चिर्दै कयौं समस्या र दमन र यातनासंग उहाँ निरन्तर क्रान्ति र मुक्तिका निम्ति कसरी लड्नुभयो होला ? वास्तवमा नानीमैयाँको त्यही सङ्घर्षमय जीवनबाट नयाँ पुस्ताले सिक्नुपर्दछ । उहाँको समर्पण र सहासले हामीलाई प्रेरणा दिइरहेको छ । नेपालको कम्युनिस्ट आन्दोलनलाई अघि बढाउन नानीमैयाँ नकर्मीको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको छ । मुलुकको कम्युनिस्ट आन्दोलनलाई अघि बढाउन उहाँले खेलेको भूमिका अविस्मरणीय छ । त्यसनिम्ति सिंगो कम्युनिस्ट आन्दोलन उहाँप्रति कृतज्ञ छ । उहाँको सङ्घर्षमय जीवन अनुकरणीय छ । नेपालको महिला मुक्ति आन्दोलनमा पनि एक साहसिक योद्धाका रुपमा उहाँ क्रियाशील रहनुभयो । यो हामी सबैका निम्ति गौरवको कुरा हो । त्यसबाट हामीले धेरै कुरा सिक्न सक्छौं । कमरेड नानीमैयाँ नकर्मीका योगदानहरुले हामीलाई निरन्तर मार्ग निर्देशित गरिरहने छन् ।

■ ■ ■